# दलितसँग काङ्ग्रेस २००७ सालदेखि वर्तमानसम्म

**श्याम कुमार विश्वकर्मा**
अधिवक्ता

## लेखसार

जातीय भेदभाव तथा छुवाछूत राज्य प्रवर्धित मानवता विरुद्धको ऐतिहासिक अन्यायी अपराध हो । जातीय भेदभाव तथा छुवाछूत अन्त्यका लागि नेपाली काङ्ग्रेसले आफ्नो स्थापना कालदेखि नै कदम चालेको प्रमाणहरूले पुष्टि गरेका छन् । २००९ सालमा धनमानसिंह परियार महामन्त्री थिए । उनको बहिर्गमन पश्चात् २०६७ सालसम्म पार्टीमा दलित प्रतिनिधित्व शून्यप्रायः रह्यो । १४ औं महाधिवेशबाट पार्टीमा १ पदाधिकारी, ९ दलित आरक्षित सदस्य र २ जना सभापतिबाट मनोनित गरी १३ जना केन्द्रीय कार्यसमितिमा रहेका छन् । पूर्ण वैज्ञानिक नभए तापनि गाउँ तहबाटै पार्टीमा दलित प्रतिनिधित्व सुनिश्चित गर्ने अभिप्रायले काङ्ग्रेसको विधानमा दलित आरक्षणको व्यवस्था रहेको छ ।

काङ्ग्रेसको प्रत्यक्ष अप्रत्यक्ष योगदानका कारण नगन्य मात्रामा नै भए पनि राज्य संयन्त्रमा दलितहरूको प्रतिनिधित्व हुन थालेको तथ्य स्वीकार गर्नुपर्दछ । यसको समाजवादी चरित्रका कारण नेपाली काङ्ग्रेसले सरकारको नेतृत्व गरेका बेला (२०५८ साल) महिला आयोग स्थापना सँगसँगै राष्ट्रिय दलित आयोगकोसमेत स्थापना भएको थियो । अहिले यसले संवैधानिक आयोगको हैसियतमा पाएको छ ।

नेपाली काङ्ग्रेस नै सरकारमा भएका बेला २०४८ सालमा पहिलो पटक जातीय भेदभाव तथा छुवाछूतलाई अपराधीकरण गरिएको थियो (मुलुकी ऐन अदल महलमा १०क नं. थप गरिएको) । उसैले अन्तरिम संविधान, २०६३ को मस्यौदा गर्न दलित समुदायको प्रतिनिधित्व गराएका कारण जातीय भेदभाव तथा छुवाछूत विरुद्धको हकले मौलिक हकको स्थान पायो । जसको आलोकमा जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ को तर्जुमा भइ कार्यान्वयनमा छ । यसको सामयिक सुधारका लागि सदनमा प्रतिनिधित्व गर्ने दलित गैरदलित प्रतिनिधिले बारम्बार प्रयत्न गरिरहेकै छन् । तथापि समाजमा जातीय भेदभाव तथा छुवाछूतको असर कहाली लाग्दो छ । यसका लागि नेपाली काङ्ग्रेस बढी चनाखो हुनुपर्ने देखिन्छ ।

**सूत्रशब्द**: दलित, जातीय भेदभाव तथा छुवाछूत, उत्पीडन, प्रतिनिधित्व, समावेशीकरण, मूल प्रवाह ।

## अध्ययनको पृष्ठभूमि

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहु-सांस्कृतिक विविधतायुक्त समाज हो । यो विविधता राष्ट्रको सम्पत्ति हो तथापि भाषा, धर्म, संस्कृतिको आडमा राज्यले कानुन नै बनाएर दलितहरू विरुद्ध अन्याय गर्दै आयो । नेपालम तथाकथित दलित/अछुतको सृजना हिन्दु धर्मका कारण भएको हो (देवकोटा, सन् २००२) । यसरी राज्यले दलितहरू विरुद्ध गरेको वर्वरतापूर्ण अन्यायका विरुद्ध नेपाली काङ्ग्रेसले स्थापना कालबाटै वैचारिक रूपमा अविभेद र समानताको नीति लियो । २००७ मा ल्याएको परिवर्तन धेरै समय टिक्न सकेन । २०१७ साल पछि २०४७ सालसम्म निरंकुश पञ्चायती व्यवस्था विरुद्ध लड्नुपरेका कारण दलित हकहितका सवाल गौण रहे । तत्पश्चात् दलित सवाल तथा समस्याका बारेमा बिस्तारै छलफल सुरु भए तापनि धेरै

समयसम्म योजनाबद्ध रूपमा कुनै कामहरू हुन सकेनन् । जति उपलब्धि प्राप्त भएका छन् ती तदर्थ कामको प्रतिफल हुन भन्दा अतिशयोक्ति हुँदैन किनभने २०४७ साल पछिबाटै भए पनि योजनाबद्ध रूपमा दलित विकास, संरक्षण तथा प्रवर्धनमा काम भएका थिए यदि भने देशमा असमानता र विभेदको खाडल यति ठुलो पर्ने थिएन । १३ औं महाधिवेशन पछिबाट विधानमा संशोधन गर्दै दलित प्रतिनिधित्व बढाउँदै लग्दा काङ्ग्रेस दलित सवालमा योजनाबद्ध रूपमा अघि बढ्ने कोसिस गरेको हो कि भन्ने देखिन्छ। अतः दलितसँग प्रारम्भदेखि हालसम्म काङ्ग्रेसले कसरी हातेमालो गरेको रहेछ भन्ने कुरा खोज्न यो प्रयत्न गरिएको छ। तथापि यो प्रयत्नसमेत पूर्ण भने छैन।

## अध्ययनको उद्देश्य र विधि

प्रज्ञा नेपाली बृहत् शब्दकोषमा दलित भन्नाले "समाजका कथित उच्च वर्गको थिचोमिचोमा परेको तथा इज्जतबाट बञ्चित जाति वा वर्ग" हुन भन्नेसमेत अर्थ गरिएको पाइन्छ। यसै आलेखका लागि गरिएको छोटो छलफल क्रममा नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य श्री मान बहादुर विश्वकर्मा भन्नुहुन्छ "राज्यको पक्षपातपूर्ण व्यवहारका कारण राष्ट्रिय विकासको मूलधारबाट विस्थापित पारिएको समुदाय नै दलित समुदाय हो" । राष्ट्रिय दलित आयोगको पछिल्लो परिभाषाअनुसार "पानी नचल्ने र अछूत भनी आर्थिक, सामाजिक राजनीतिक, शैक्षिक तथा सांस्कृतिकरूपमा राज्यको मूल प्रवाहबाट बञ्चित गरिएको शोषित एवम् उत्पीडित तथा श्रम, सिप र कलाका माध्यमबाट राज्य निर्माणमा योगदान पुऱ्याएको समुदाय हो" (२०८०) भनिएको देखिन्छ। उपरोक्त अर्थ, भनाइ एवम् परिभाषाहरूबाट दलित समुदाय राज्य तथा समाजको अवहेलनाको कारण बहिष्करणमा पारिएको समुदाय हो भन्ने स्थापित हुन्छ। यसरी दलित समुदाय विरुद्धको अवहेलना र बहिष्करण विरुद्ध नेपाली काङ्ग्रेसले के प्रयास गऱ्यो संक्षिप्तमा तल चर्चाको प्रयास गरिएको छ।

राजनीतिक पार्टी भनेको निश्चित विचार र कार्यक्रममा आबद्ध भएका जनताले निर्माण गर्ने संस्था हो। त्यसैले पार्टीको मूल चुरो भनेको विचार र कार्यक्रम नै हुन्छ । विचार र कार्यक्रम निर्माण हुन दार्शनिक सैद्धान्तिक पृष्ठभूमि चाहिन्छ । त्यही पृष्ठभूमिमा आधारित भएर कार्यक्रमहरू निर्धारण गरिन्छन् (आचार्य, २०६२,पृ. २६)। अतः नेपाली काङ्ग्रेसभित्र दलित समुदायको प्रतिनिधित्वको आवश्यकता प्रारम्भदेखि नै किन ठानियो ? यसको दार्शनिक र सैद्धान्तिक पक्ष के थिए ? भन्ने सन्दर्भको चर्चा नै यो आलेखको मुख्य उद्देश्य रहेको छ।

यस सम्बन्धमा विषय जानकारहरूसँग सामान्य छलफल गरिएको भए तापनि यो आलेख मुख्यतः अघि प्रकाशित सामग्रीहरूको अध्ययनको आधारमा तयार गरिएको छ। समयावधी, स्रोधसाधन तथा ज्ञान समेतको सीमिततामा तयार पारिएको आलेख हुँदा यसभित्रको अपूर्णतालाई पाठकहरूले सोहीबमोजिम विचार गरिदिनुहुनेछ भन्ने विश्वास छ।

## जातीय भेदभाव तथा छुवाछूत नियन्त्रणको पृष्ठभूमि

माथि नै पनि भनियो दलित समुदाय समाज तथा राज्यको थिचोमिचोमा परी सदियौंदेखि अमानवीय व्यवहारको शिकार हुँदैआएको छ । अतः यो समुदाय थिचोमिचोमा पर्नु पछाडिको मुख्य कारण जातीय भेदभाव तथा छुवाछूत नै रहेछ भन्ने तथ्य दुबिधा रहँदैन।

जातीय भेदभाव तथा छुवाछूत नेपालमा कहिलेबाट सुरु भयो यसको प्रमाणिक तथ्य फेला परेको छैन भनी इतिहासकारहरू भन्दै आएका छन् । वर्ण व्यवस्था संस्थागत भएको भारतको केन्द्रीय थलोबाट कसरी र

कुन-कुन प्रक्रिया हुँदै आजको नेपालसम्म आइपुग्यो भन्ने अनुसन्धान गर्न बाँकी नै छन् (आहुती, २०७१) । जे भए तापनि बाह्मण, क्षेत्री, वैश्य र शुद्र गरी चार प्रकारमा मानिसलाई विभाजन गरी मनुस्मृतिले सुझाएको वर्ण व्यवस्थालाई लिच्छवी, मल्लकाल तथा शाहकाल हुँदै झाँगिदै आएको पाइन्छ । जयस्थिति मल्लले प्रचलनमा ल्याएको न्यायविकासिनी अर्थात् मानवन्यायशास्त्रले जनतालाई ६४ जातिमा विभाजन गरेको देखिन्छ । गोरखाका राजा रामशाहले गरेको कानुनी सुधार इतिहासमा उल्लेख्य रहे पनि उनले बनाएका २६ थितिहरू जात व्यवस्थामा नै आधारित रहेका थिए । यही जात व्यवस्थालाई पछ्याउँदै नेपालको पहिलो लिखित कानुन नाम दिइएको मुलुकी ऐन, १९१० ले समुदायका मानिसहरूलाई जातका आधारमा तागाधारी, मतवाली, पानी नचल्ने छोइछिटो हाल्नुनपर्ने र पानी नचल्ने छोइछिटो हाल्नुनपर्ने गरी चार प्रकारमा विभाजन गरेको पाइन्छ । समाज विभाजनामा मनुस्मृतिले देखाएको बाटो नै शासकहरूले राज्य सञ्चालनको नियमको रूपमा आत्मसात गर्दा देशभर खसआर्यका अलावा अन्य जातजाति र हिन्दू बाहेकका धर्मावलम्बीहरूबाटसमेत दलितहरू विरुद्ध जातीय भेदभाव तथा छुवाछूतको अमानवीयताको जरा गहिरोसँग देशैभरी फैलिई आजसम्म पनि कायम रहेको देखिन्छ ।

जातका आधारमा गरिने छुवाछूत व्यवहार दलित समुदाय विरुद्ध हुने गरेको जातीय विभेदको प्रधान स्वरूप हो । नेपाली समाजमा जातकै कारण दलित समुदायका मानिसहरूलाई तल्लो दर्जाका मानिस ठानी हेलाहोँचो गर्ने, भात पानी नचलाउने, मन्दिर, धारा, कुवा, होटल पसललगायतका सार्वजनिक स्थल तथा निजी स्थानहरूमा प्रवेश गर्न तथा विहेवारीमा रोक लगाउनेका छुवाछुतका कार्यहरू दिनहुँ जसो हुँदै आएका छन् (चापागाईं समेत, २०७०, पृ.८) । यसका अतिरिक्त बाटोमुनी लाग्नुपर्ने, पुस्तक पढ्न त के छुनसमेत नपाइनेजस्ता कथाहरू सुन्न छाडेको धेरै समय बितेकै छैन । अतः दलित समुदाय विरुद्धको जातीय भेदभाव र छुवाछूत ऐतिहासिक रूपले राज्य प्रवर्धित तथा संरक्षित (state sponsored) भेदभाव र वहिष्करणको अभ्यासको रूपमा सदियौंदेखि अस्तित्त्वमा रहेको देखिन्छ (नेपाली टाइम्स, दलित प्लाईडस्, २००३) तर राजनीतिक, सामाजिक, कानुनी, धार्मिक र सांस्कृतिक रूपमा वैधता पाएकाले सामान्य प्रयासले मात्रै यो उन्मूलन हुन सकेन (काठमाडौँ चार्टर अफ दलित राइट्स, २००७) । जसका कारण समाजमा केवल जातीयमात्रै होइनन् धेरै खालका असमानताहरू कायम रहेका छन् ।

समानता र असमानताको प्रश्न समाजवादको केन्द्रीय विषय हो । मानिस सबै बराबर हुन्, मानिस र मानिसबिच कुनै किसिमको भेदभाव रहनु हुँदैन । पक्षपाती र भेदभावपूर्ण समाज कहिल्यै शान्त र सुखी रहन सक्दैन । सबैभन्दा पहिले समानता किन चाहिन्छ भने यो मानिसको जीवनका अवसरहरू, भलाइ र आत्मसम्मानका लागि अपरिहार्य हुन्छ (पौडेल, २०६१) । अविभेद तथा समानतालाई संयुक्त राष्ट्रसङ्घको बडापत्र, १९४५, मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ र सबै अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिहरूमा विशेष महत्त्वका साथ आत्मसात गरिएको छ । प्रथाजनित अन्तर्राष्ट्रिय कानुनका अखण्डनीय मान्यता (Jus Cogence) का रूपमासमेत अविभेद र समानता संरक्षित छन् । नेपाल सबै प्रकारका जातीय विभेद उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५ मा सन् २०७१ मै सदस्य राष्ट्र भएको हो । यसका साथै अन्य धेरै अन्तरराष्ट्रिय मानवअधिकार सन्धिसम्झौता समेतको नेपाल पक्ष राष्ट्र छ । यसले जातीय उच्चता र निचताको निकृष्ट सिद्धान्तमा आधारित भेदभाव तथा छुवाछूत निषेधमात्रै होइन जातका आधारमा हुने भेदभावका प्रत्यक्ष वा अप्रत्यक्ष सबै स्वरूपहरूलाई उन्मूलन गर्नुपर्ने राज्यको निःशर्त दायित्वको निर्माण गर्दछ । जातीय भेदभाव र असमानता विरुद्ध प्रभावकारी उपचार पाउनुपर्ने प्रत्याभूतिसमेत यसभित्र हुँदा पक्ष राष्ट्रहरू सोको बिमुख हुन सक्दैनन् ।

जातीय भेदभाव विरुद्धको संवैधानिक इतिहास सुरुवाती चरणबाटै सकारात्मक रहेको पाइन्छ । नेपालको अन्तरिम शासन विधान, २००७ मा पहिलोपटक जात, जातिको आधारमा नागरिकलाई कुनै प्रकारको भेदभाव नगरिने औपचारिक प्रत्याभूति गरिएको थियो (धारा १५) । उक्त प्रत्याभूति नेपाल अधिराज्यको संविधान, २०१५ मासमेत समेटिएको थियो (धारा ४) । त्यसैगरी नेपाल अधिराज्यको संविधान, २०१९ मासमेत जातजातिको आधारमा हुने विभेदलाई प्रतिवन्धित गरिएको थियो (धारा १०) तर उक्त संवैधानिक प्रत्याभूतिहरूको कार्यान्वयन कानुनी प्रबन्धको अभावले औपचारिकतामै सीमिति रहन पुगे । परिणामतः दलितहरू जातीय भेदभाव तथा छुवाछूतको जाँतोमा पिसिनुपर्ने दुष्चक्रको निरन्तरता रही नै रह्यो ।

बहुदलीय व्यवस्था पुनर्स्थापना पश्चात् बनेको नेपाल अधिराज्यको संविधान, २०४७ ले अघिल्ला संविधानहरू भन्दा जातीय भेदभाव विरुद्ध केही फराकिलो प्रत्याभूति गऱ्यो । जात, जातिसमेतका आधारमा हुने कुनैपनि भेदभावलाई निषेध गऱ्यो (धारा ११) । संविधानले आर्थिक, सामाजिक असमानता हटाई पिछडिएका जातजातिको शसक्तीकरणका लागि राज्यलाई मार्गनिर्देशित गऱ्यो (धारा २५ तथा २६) । साथै यसले समानता तथा अविभेदलगायतका मौलिक हकको उल्लंघन सम्बन्धमा सर्वोच्च अदालतबाट संवैधानिक उपचार प्राप्त हुने बाटोसमेत खोल्यो (धारा २३) । संविधानको धारा ११ को व्यवस्थाको आलोकमा केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०४८द्वारा मुलुकी ऐन, अदलको महलमा १०क नम्बर थप भइ जातजातिको आधारमा हुने छुवाछूत व्यवहारलाई दण्डनीय बनाई अपराधीकरण गरिए तापनि यसको स्पष्टिकरण खण्डमा “कुनै मन्दिर वा धार्मिक स्थलमा परम्परादेखि चली आएको व्यवहारलाई भेदभावपूर्ण व्यवहार मानिने छैन” भन्ने व्यवस्था थपिँदा जातीय भेदभाव तथा छुवाछूत सम्बन्धमा राज्यको द्वैध चरित्र उदाङ्गिएको थियो । मन बहादुर विश्वकर्माले उक्त स्पष्टीकरण खण्डलाई चूनौती दिँदै श्री सर्वोच्च अदालतमा दायर रिटमा स्पष्टिकरण खण्ड धारा ११ को समानताको हकको विपरीत भयो भनी प्रारम्भदेखि नै खारेज हुने आदेश भयो (ने.का.प. २०४९, अङ्क १२, नि.नं. ४६७०) ।

२०५२ सालदेखि देशमा चलेको १० वर्षे सशस्त्र द्वन्द्व, २०६२ । ०६३ को दोस्रो जनआन्दोलन, विस्तृत शान्ति सम्झौता, २०६३ समेतबाट नेपालको अन्तरिम संविधान, २०६३ को निर्माण भयो । यसले जातीय भेदभाव तथा छुवाछूतको हकलाई मौलिक हकको स्थान दिई दण्डनीयसमेत बनायो (धारा १४) । अन्तरिम संविधानको मस्यौदा गर्न दलित समुदायकोसमेत प्रतिनिधित्व सुनिश्चित गरी नेपाली काङ्ग्रेसले मिन विश्वकर्मालाई मस्यौदा समितिमा पठाएको थियो जो दलित संघर्ष, आवश्यकता र अधिकारका बारेमा पूर्ण सचेत थिए । २०६३ सालको मन्त्रीपरिषदले नेपाललाई छुवाछूतमुक्त राष्ट्र घोषणासमेत गऱ्यो । समाजमा जातको आधारमा हुने भेदभाव तथा छुवाछूत जस्तो अमानवीयता मुलुकी ऐनको अदलको १०क मा रहेको सीमित व्यवस्थाले संबोधन गर्न नसक्ने हुँदा पहिलो संविधान सभाले विशिष्ट ऐनको निर्माण गऱ्यो (जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८) । यसरी छुट्टै ऐनको निर्माण हुनु अविभेद सम्बन्धमा नेपालले सैंधानिक रूपमा तथा विभिन्न समयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा अविभेद सम्बन्धमा गरेका प्रतिबद्धताहरूद्वारा सृजित दायित्व समेतको कार्यान्वयन गरिएको अवस्था हो ।

सुशील कोइरालाको प्रधानमन्त्रीत्व काल २०७२ सालमा दोस्रो संविधान सभाले नेपालको संविधान निर्माण गऱ्यो । यो संविधान समानता तथा अविभेदका सम्बन्धमासमेत अघिल्ला संविधानहरू भन्दा अग्रणी रहेको पाइन्छ । यसले नेपाली समाजमा रहेको जातीय भेदभाव तथा छुवाछूतको समूल अन्त्य हुन आवश्यक छ अनि मात्रै समतामूलक समाज निर्माण सम्भव छ भन्ने तथ्य आत्मसात गरेको छ (प्रस्तावना) । साथै नागरिकहरूले

सम्मान पूर्वक बाँच्न (धारा १६) जातीय भेभाव तथा छुवाछूतको समस्यालाई फरक तरिकाबाट ट्याकल गर्नुपर्ने विद्यमानता अझै कायम रहेको देखी अन्तरिम संविधानले अङ्गिकार गरेको जातीय भेदभाव तथा छुवाछूत विरुद्धको हकलाई मौलिक हकको रूपमा स्थान दिएको छ (धारा २४)। संविधानले दलितको विशिष्ट समस्या समाधानका लागि दलितको हकको भन्ने छुट्टै मौलिक हकको प्रत्याभूति गरेको छ (धारा ४०)। यस बाहेक अन्य मौलिकहरू जस्तोः सामाजिक न्यायको हक (धारा ४२), महिलाको हक (धारा ३८), बालबालिकाको हक (धारा)लगायतका अन्य सबै हकहरू प्रत्यक्ष परोक्ष रूपमा दलित समुदायको हक अधिकारसँग अन्तरनिहित रहेका छन्। यो संविधानबमोजिम दलित हकहितसँग सरोकार राख्ने नीतिनियमहरूमा संशोधन परिमार्जनको प्रयास हुँदैसमेत आएकोसमेत देख्न सकिन्छ। २०५८ सालमा प्रधानमन्त्री शेरबहादुर देउवाको मन्त्री परिषदले गठन आदेशमार्फत् स्थापना भएको राष्ट्रिय दलित आयोग लामो समय ऐन विहीन रहेर काम गर्नुपरेकोमा यसै संविधानले यस आयोगलाई संवैधानिक आयोगको स्थान प्राप्त भइ ऐनसमेत बनी राष्ट्रिय मानवअधिकार संस्था (National Human Rights Institution, NHRI) को रूपमा स्थापित छ।

पार्टी गठनको प्रारम्भिक चरणबाटै दलितसँग नेपाली काङ्ग्रेस थिएन यदि भने जातीय भेदभाव तथा छुवाछूतका सम्बन्धमा माथि उल्लेखित संवैधानिक तथा कानुनी विकास सम्भव थिए वा थिएनन् छुट्टै अध्ययनको विषय हुनसक्दछ तर यति जरुर भन्न सकिन्छ दलित समुदायका लागि काङ्ग्रेस समेतको योगदान भएकै कारण उल्लेखित उपलब्धि हासिल हुनसकेका हुन्। यसर्थ पनि उपरोक्त विकासक्रमको बारेमा यहाँ उल्लेखन हुनु बाञ्छनीय हुन्छ। साथै आफू कानुन साहित्यको विद्यार्थी हुँदासमेत यो उल्लेख गर्नु कर्तव्य ठानिएको हो। तल उल्लेखित तथ्यहरूबाट यो कुराको पुष्टिको प्रयाससमेत गरिएको छ।

## दलितसँग नेपाली काङ्ग्रेस

नेपाली समाजको प्रमुख सामाजिक समस्या वर्ण व्यवस्था नै हो। समाजमा वर्ण व्यवस्थाको प्रारम्भदेखि नै राज्यले दलित समुदायलाई सम्पूर्ण अवसर र अधिकारबाट कानुनी रूपमै बञ्चित गर्दै समाजको अर्को समुदायलाई भने असीमित अधिकार प्रदान गर्दै नागरिकहरूबिच असमानता प्रदर्शन गर्दै आयो (विश्वकर्मा, २०६७)। केही प्रयासहरू भए जस्तो देखिए तापनि असमान वितरणको उक्त दीर्घ रोग अद्यापि निरन्तर छ। यस प्रकारको असमानता र विभेद जहानियाँ राणाशासनले झन् झन् बढाउँदै लगेका कारण देशभर तानाशाही तन्त्र विरुद्ध असन्तुष्टिको लहर उठेसँगै भारतको कोलकत्तामा मिति २००३।१०।१२-१३ सम्म वि.पि.कोइरालाको अध्यक्षतामा सम्पन्न महाधिवेशनले "नेपाली राष्ट्रिय काङ्ग्रेस" को जन्म दियो। (हाम्रा कुरा, २०७८)। टंक प्रसाद आचार्य यसको सभापतिमा चयन भए। सोही सालको केही महिना अघि देवीप्रसाद सापकोटाको सभापतित्त्वमा गठित 'अखिल भारतीय नेपाली राष्ट्रिय काङ्ग्रेस' को सक्रियतामा उक्त महाधिवेशन हुन सकेको हो भनी जानकारहरू बताउनुहुन्छ।

त्यसैगरी मिति २००५।०९।०५ का दिन भारतकै कलकत्तास्थित महावीर शमसेरको टाइगर सिनेमा भवनमा नेपाल प्रजातन्त्र काङ्ग्रेसको पहिलो अधिवेशन भइ जुम्ली राजाका छोरा महेन्द्रविक्रम शाहको सभापतित्त्वमा १२ सदस्यीय समिति गठन भयो। यसको उद्देश्य "श्री ५ महाराजधिराजको मुक्ति र नेपालमा जनराज्यको स्थापना" पूर्णतः सशस्त्र संघर्षमार्फत् गर्ने रहेको थियो (विश्वकर्मा, २०६७)।

मिति २००६।१२।२७ गते कलकत्तामा सम्पन्न नेपाल राष्ट्रिय काङ्ग्रेसको चौथो अधिवेशनमा नेपाल प्रजातान्त्रिक काङ्ग्रेसका कार्यकर्तासमेत सरिक भएका थिए। सोही दिन दुई पार्टीहरू एकीकरण भइ नेपाली

काङ्ग्रेसको गठन भयो । यसरी गठन भएको दश सदस्यीय समितिको सभापति मातृकाप्रसाद कोइराला र महामन्त्री महेन्द्रविक्रम शाह थिए । उक्त समितिको सदस्यमा वि.पि. कोइराला पनि रहेको पाइन्छ ।

यसरी गठन भएको नेपाली काङ्ग्रेसलाई अध्ययन गर्दा मुख्य गरी चार चरणमा विभक्त गरी अध्ययन गर्नु सान्दर्भिक हुन्छ भन्ने सुझाव अग्रजहरूबाट प्राप्त हुँदा २००७-२०१७ साल, २०१७-२०४७ साल, २०४७-०६२-६३ साल र २०६२-६३ सालदेखि हालसम्मका फेला परेसम्मका तथ्य तथ्याङ्कलाई आधार मानी उल्लेख गर्न खोजिएको छ तर यसभन्दा अघि नेपाल राष्ट्रिय काङ्ग्रेसले स्थापना कालमै देबब्रत परियारलाई आफ्नो पार्टीको केन्द्रीय सदस्यमा चयन गरेको कदम क्रान्तिकारी कदमलाई भुल्न मिल्दैन ।

## दलितसँग काङ्ग्रेस २००७–२०१७ सम्म

भगत सर्वजित विश्वकर्माले २००४ सालमा बागलुङमा “विश्व सर्वजन संघ” को स्थापना गरे । २००४ सालमै काठमाडौँमा सहर्षनाथ कपालीले “टेलर युनियन” बनाए । २००४ सालमै पूर्वतिर “समाज सुधार संघ”र २००६ सालमा “नेपाल हरिजन संघ”जस्ता संस्था स्थापना भइ दलित आन्दोलन बिस्तार भयो । यसरी दलित आन्दोलन पनि प्रतिनिधियुक्त सरकारको मागसहित राणा विरोधी तथा प्रजातन्त्र समर्थक आन्दोलनमा सरिक भएको थियो । २००७ सालमा नेपाली काङ्ग्रेसको नेतृत्वमा तथा भारतमा प्रवासमा रहेर राजा त्रिभुवनले प्रवर्धन गरेको जनबिद्रोहबाट १०४ वर्षे जहानिया राणाशासन अन्त्य भयो (कृष्ण खनाल समेत, NNDSWO) ।

सन् २०१६ पछि मात्रै संयुक्त राष्ट्रसंघले समाजको समग्र विकासका लागि “कसैलाई पनि पछि नछाड्ने” नीतिगत सोच “दिगो विकास लक्ष्य” मार्फत् तय गरेको पाइन्छ तर जातमा आधारित भेदभाव तथा पक्षपातलगायत सबै प्रकारका असमान व्यवहारहरू समान्ती सोच र सामन्ती संस्कारका उपज हुँदा तिनमा परिवर्तन ल्याई निर्मूल पार्न नेपाली काङ्ग्रेसले आफ्नो स्थापना कालबाटै विभिन्न अभियान चलाएको थियो (विश्वकर्मा, २०६७) ।

हलो क्रान्तिको उदघाटन २००६ । ०४ । ११ गते हुँदा पं. तोयानाथ अधिकारीले “हाम्रो अन्तिम लक्ष्य प्रजातान्त्रिक समाजवाद हो । यसको प्राप्तिका लागि जातीय भेदभावको अन्त्यकाफ अभियान चलाईं । वैदिक ग्रन्थहरूले जन्मबाट जातको निर्माण गर्दैन, कामको आधारमा हुन्छ । कामी, दमाई सार्की यी सबै हाम्रा भाइबन्धु हुन् । समाजवादले सबै मानवलाई समानताको आधारमा व्यवहार गर्दछ । म अब जुठे सार्कीलाई भान्से राख्छु (विश्वकर्मा, २०६७) । “

राणाकालमा बाहुनले हलो जोत्न नहुने भन्ने सामाजिक मान्यता रहेको अवस्थामा राणाकालीन् उतरार्द्धमा केही बाहुनले सामूहिक रूपमा र सांकेतिक रूपमा हलो जोतेका थिए । यसरी सांकेतिक रूपमा सुरु भएको उक्त विद्रोह किसान हक अधिकार, जात व्यवस्था र सामाजिक रूपान्तरणका लागि गरिएको एक सांकेतिक विद्रोहको स्वरूप थियो । उनीहरूको विद्रोह किसान मुक्तिका लागि भए पनि त्यो जातीय व्यवस्था माथिको लडाइँ पनि थियो (सेतोपाटी, ८ साउन, २०७८) । हलो जोत्ने काम कथित तल्लो जातलेमात्र गर्ने कुप्रथाका विरुद्ध नेपाली काङ्ग्रेसले राष्ट्रिय अभियानको रूपमा लम्जुङको दुराडाँडाबाट सुरु भइ सुदूरपश्चिमका धेरै जिल्लाका उपाध्याय बाहुनहरूले हलो जोतेर समान्ती सोच विरुद्ध परिवर्तन ल्याउरने प्रयास गरेका थिए । हलो क्रान्तिका स्वयंसेवकहरूले ठाउँठाउँमा दलित समुदायका बालबालिकासँगै अन्य जातिका बालबालिकाहरूलाईसमेत एकै ठाउँ राखी पठन पाठन गराउन थाले । गाउँ गाउँमा खोलिएका विद्यालयमा छात्रवृत्तिको प्रबन्ध गर्दै दलित समुदायका बालबालिकाहरूलाई विद्यालयभित्र प्रवेश गराए । विद्यालयभित्र पानी खाने घैंटो, लोहोटा एउटामात्र

राखेर छोइछिटो अन्त्यको अभियान थालियो । समाजमा “जदौ” भन्ने समान्तवादी शब्द हटाई, समानतामा आधारित “नमस्ते” र “जयनेपाल” को अभिवादन सुरु गरियो । यसरी “हलो क्रान्ति”बाट सुरु भएको अभियानले दलितहरूलाई आदरार्थी शब्दबाट सम्बोधनको सुरु भयो । यसले समाजमा उचनिचको भावना कम गर्न सघायो (विश्वकर्मा, २०६७) । हलो क्रान्ति नेपाली काङ्ग्रेसकै अभियान हो भने यसबाट दलित मुक्तिमा निकै ठुलो योगदान पुगेको नकार्न मिल्दैन । यो वियष अध्ययनको छुट्टै महत्त्वपूर्ण विषय बन्न सक्दछ ।

नेपाली काङ्ग्रेसबाट छुवाछूत अन्त्यका लागि भएको अर्को क्रान्तिकारी अभियान हो “सँगै बसौँसँगै खाऔँ” । २००७ सालको क्रान्तिको सफलतापछि क्रान्तिको उद्देश्य अनुरूप वी.पि. कोइरालाले आफ्नो ध्यान सामाजिक रूपान्तरणमा केन्द्रित गरे । नेपाली काङ्ग्रेस सामाजिक विभेदको अन्त्य गर्दै समतामूलक तथा शोषणरहित समाज निर्माणका लागि निर्माण भएको पार्टी हो । त्यसैले समाजमा व्याप्त जातीय भेदभाव तथा छुवाछूत अन्त्यका लागि सार्वजनिक स्थानहरूमा दलित समुदायका मानिसहरूले खाना पकाई कथित उच्च जातका मानिसहरूलाईसँगै राखी खाने राष्ट्रिय अभियान नेपाली काङ्ग्रेसले चलाइी (विश्वकर्मा, २०६७) । छुइएमा छिटो हाल्ने समाजमासँगै बसीसँगै खाने अभियानको दार्शनिक पक्ष अविभेद र समानताको प्रवर्धनका निमित्त रहेको थियो भन्ने कुरामा दुइमत भइरहनु पर्दैन ।

यसरी २००७ सालको क्रान्तिको लगत्तै नेपाली काङ्ग्रेसले देशमा विभिन्न कदमहरू चालेर समाजमा विद्यमान शोषण प्रथाहरूको उन्मूलन गर्दै समाजवादको दिशातिर समाजलाई अग्रसर गराउने प्रयास गरेको देखिन्छ । त्यतिबेलाको प्रथम कर्तव्य नै सामन्ती शोषणको अन्त गर्नु थियो । काङ्ग्रेसले सूसे मानापाथी हटाउने, झारा प्रथा खत्तम गर्ने, त्रिखण्डी चौखण्डी हटाई किसानहरूलाई आधी उब्जनी दिलाउने र मोही हक कायम गराउने आदि कदम चालेको देखिन्छ (पौडेल, २०६१) । नेपाली काङ्ग्रेसको यी कदमहरूले पनि दलित समुदायले धेरथोर लाभ प्राप्त गरेको हुनुपर्दछ ।

थोरै रकम वा जिन्सी अन्न बाली दिएर ठुलो रकमको तमसुक बनाउने, मरेका मानिसको औंठा छाप लगाएर जाली तमसुक बनाई पछि आफन्तहरूबाट असुल गर्ने, असुल नभए कमारा कमारी राख्ने, घर, खेत, गाईगोरुहरू लिने सामन्ती शोषक वर्गहरूबाट सोझासाझा नागरिकमाथि हुने अर्को घिनलाग्दो शोषणको पक्ष थियो । यसरी जालसाजी रूपमा बनेका तमसुकका पीडितका पीडा र शोषण मुक्तिका लागि गाउँ गाउँमा गएर जाली तमसुक च्यात्ने आन्दोलनको नेतृत्व नेपाली काङ्ग्रेसले गरेको थियो (विश्वकर्मा, २०६७) ।

उक्त तमसुक फट्टा आन्दोलनबाट कति मानिसहरूले राहत पाए तथ्याङ्क छैन । जतिले पाए पक्कै पनि दलित समुदायकासमेत धेरै मानिसहरूकोसमेत पीडामा मल्हम लागेको हुनुपर्दछ भनी आँकलन गर्न सकिन्छ तर हालैका वर्षहरूमा देशभरी देखिइएको मीटर व्याज काण्डबाट हजारौंका सङ्ख्यामा दलित तथा विपन्न नागरिकहरू प्रताडित रहेको पाइँदा शोषणको उक्त स्वरूप समाजमा अझै रहेको पाइन्छ । अतः यसको नियन्त्रणका लागि अनुचित लेनदेन दण्डनीय हुने कानुन बनेको छ (नेपाल राजपत्र, खण्ड ७३, साउन १२, २०८०) । यो कानुन पनि निर्मूलमुखी नभई नियन्त्रणमुखी मात्रै हुँदा नागरिकहरू अझै प्रस्तुत शोषणको शिकार बन्नुपर्ने खतरा टरेको भने देखिँदैन ।

नेपाली काङ्ग्रेसको इतिहासमा २००९ साल दलित समुदायका लागि निकै सम्झनलाईक वर्ष हो । मिति २००९।०२।१० गतेदेखि जनकपुरमा प्रारम्भ भएको नेपाली काङ्ग्रेसको पाचौं महाधिवेशनले मिति २००९।०३।१६ गते विश्वेश्वर कोइरालाको नेतृत्वमा १६ सदस्यीय कार्यसमिति चयन गऱ्यो । जसको महामन्त्री भए धनमान सिँ

परियार। जुन आजको काङ्ग्रेसले सम्झिनुपर्ने एक ऐतिहासिक घटनाक्रम हो। जातीय भेदभाव तथा छुवाछूतले आक्रान्त तत्कालीन समाजमा उक्त ऐतिहासिक उपलब्धि हासिल हुनु चानचुने कुरा थिएन। सो महाधिवेशनमा भक्त बहादुर अमात्य र रामकुमार जीवन मित्र प्रस्तावक तथा श्री बासुदेव कहार, ईश्वरमान थोकर र गणेशमान श्रेष्ठ समर्थक भइ "... छुवाछूत र कुरीतिलाई हटाई पँधेरो, कुवा र इनारमा तल्लो जाति भनेर कामी, दमाई, सार्की, चमार, मुसहरलाई पानी भर्न नदिने र उनीहरूले फोहोर र गन्धा पानी खानु परी रोगको शिकार भइरहन परेकोले यसमा सरकारले ध्यान दिई स्कूल, कलेज र अड्डा अदालतमा यस्ता छुवाछूतको भेदभाव तुरुन्त हटाइयोस्" भन्ने प्रस्ताव पेस भइ पारित भएको थियो (विश्वकर्मा, २०६७)। त्यसको जगमासमेत धनमानसिँ परियार महामन्त्री बन्न सफल भएको हुनुपर्दछ।

धनमान सिं परियारलाई महामन्त्री बनाएर मात्रै चूप लागेर नबसी संस्थागत रूपमै दिलोज्यान दिएर जातीय भेदभाव तथा छुवाछुत विरुद्ध काङ्ग्रेस लागेको पाइन्छ। जसको ज्वलन्त उदाहरण हो नेपाली काङ्ग्रेस पार्टीको मिति २००९।०८।२३ गतेको सर्कुलर नं. ३३ को पत्र। उक्त पत्रमा लेखिएको छ "सबै जिल्लाका साथीहरूलाई। विषयः दलित बारेको पत्र शीघ्रातीशीघ्र पठाउने। पृय साथी, केन्द्रले जिल्लाका दलितबारे सबै विष खुलाई पत्र पठाउन साथीहरूलाई सर्कुलर पठाएको ३ महिना भैसक्ता पनि तेस्वारेमा धेरै जिल्लाबाट पत्र प्राप्त हुन आएन। जिल्लामा दलितको सङ्ख्या कति छ, सो को साथै उनीहरूले जीविकोपार्जन कस प्रकारले गरेका छन्, लेखपढ गर्न जान्ने कती छन्, दलित बालबच्चाले पढ्न पाएका छन्, छैनन्, उनीहरू उपरको भेदभाव र छावछूत हट्दै भयेको छ, छैन र सो र उनीहरूको जीवन माथि उठाउन के गर्नुपर्ला, सोसमेत खुलाई शीघ्राती शीघ्र केन्द्रमा पत्र पठाउनुहोला। छुवाछूत र जाति भेदभाव हटाउने राज्यको कार्य पार्टीको नीती हो भन्ने सम्झी, सबै साथीहरूको यसमा ध्यान जान आवश्यक छ। आफ्नो जिल्लाको अरू पनि सबै विषयमा ध्यान दिई ति भएको सबै लेखी पत्राचार गरिरहनुहोला। जय नेपाल। तपाईंको साथी। कार्यालय मन्त्री २००९।८।२३ "पत्र जस्ताको तस्तै तल अनुसूचीमा राखिएको छ।

यस्तो महत्त्वपूर्ण उद्देश्य बोकेको उक्त पत्र तत्कालीन सबै जिल्लाले पाए पाएनन्, पाएका भए कतिले पाए र पाएका मध्ये कतिले पत्रमा उल्लेखित वियष खुलाई केन्द्रलाई पत्राचार गरे र जिल्लाहरूबाट केन्द्रमा जवाफ प्राप्त भएका भए के कसरी कार्यान्वयन भयो वा भएन भन्ने सन्दर्भमा छुट्टै अध्ययन हुनु लाभदायक हुन्छ। जो समानता र अविभेद सम्बन्धी पार्टीको पृष्ठभूमिलाई पुष्टि गर्ने उचित अवसर हुनसक्दछ। प्रस्तुत पत्रबाट दलित शब्दको प्रयोगको थालनी २००७ सालको सेरोफेरोबाटै भएको पुष्टि हुनसमेत सघाउँछ।

राणाशासनको अवसान भइ आएको राजनीतिक परिवर्तनपछि राजनीतिक दलहरूबिच तथा दलहरूभित्रै शक्ति संघर्ष बढेकाले २००७ देखि २०१५ सम्मको अवधिमा धेरै अन्तरिम सरकार बने र अप्रभावकारी बन्दै ढले पनि। यसरी बनेका मन्त्रीपरिषदमा अर्थात् मोहन शम्सेरको प्रधानमन्त्रीत्वमा राणा तथा नेकाको गठबन्धन तथा मातृकाप्रसाद कोइरालाअन्तर्गतको नेकाको नेतृत्वको गठबन्धन सरकार दुबैमा दलितको उपस्थिति थिएन। यसपछिका अन्तरिम सरकारहरू पनि दलित समुदायका सदस्यलाई समावेश गर्न असफल भए। नयाँ राजनीतिकर्मीहरूको नेपालमा प्रजातन्त्रको प्रवर्धन तथा समान अवसर प्रदान गर्ने बचनबद्धता बाबजुद पनि यी कुरा भएका थिए (कृष्ण खनाल समेत, NNDSWO)।

नेपाली काङ्ग्रेसको छौटौं महाधिवेशन माघ ९ देखि १३, २०१२ मा वीरगञ्जमा सम्पन्न भइ सुवर्ण सम्शेरको नेतृत्वमा समिति गठन भयो। यो महाधिवेशनले नेपाली काङ्ग्रेसले आफूलाई नेपालको पहिलो समाजवादी

पार्टी घोषणा गऱ्यो । उक्त महाधिवेशनले "हामीले लान चाहेको समाजमा सबैलाई समान अवसर र स्वतन्त्रता हुनेछ । जन्म या वर्गका कारणले कसैलाई भिन्नता गरिने छैन । एक व्यक्तिले अर्को व्यक्तिमाथि वा एउटा वर्गले अर्को वर्गमाथि शोषण गर्नसक्ने छैन । सबैलाई शिक्षा र स्वास्थ्यको समुचित प्रबन्ध हुनेछ । बेरोजगारी रहने छैन । राष्ट्रिय धनको उत्पादन केही व्यक्तिहरूको व्यक्तिगत लाभका लागि नभएर सम्पूर्णको भलाइका लागि हुनेछ । जनताको जीवनस्तर र संस्कृतिको उन्नतिका लागि व्यवस्था गरिने छ (विश्वकर्मा, २०६७) ।" भन्दै घोषणा-पत्रसमेत जारी गरेको थियो । उक्त घोषणा-पत्र समेतको जगमा नेपाली काङ्ग्रेसले २०१५ सालको फागुन ७ र चैत २१ गते सम्पन्न प्रथम संसदीय अमनिर्वाचनमा ७४ सिट जिती दुइतिहाई बहुमतले विजयी भयो तर उक्त आम निर्वाचनमा नेपाली काङ्ग्रेसले १०९ स्थानमा एकजना पनि दलित उम्मेदवार उठाएन । सप्तरी जिल्लाबाट स्वतन्त्र उम्मेदवार बनेका सोमनदास चमार पनि पराजित भएका थिए । नेपाली काङ्ग्रेसबाट प्रतिनिधि सभाका सदस्यहरूमध्येबाट अप्रत्यक्ष मतदानको आधारमा संसदको माथिल्लो सभाको सदस्य भइ नेपालको संसदमा प्रतिनिधित्व गर्ने पहिलो सदस्य बने (कृष्ण खनाल समेत, NNDSWO) ।

उक्त निर्वाचन पश्चात् २०१६ वैशाख २१ गते वि.पि. कोइराला संसदीय दलको नेतामासमेत विजयी भए । त्यसपश्चात् राजा महेन्द्रले वी.पि. कोइरालाको नेतृत्वमा जेठ १३ गते मन्त्री मण्डल गठन भयो । त्यसको तत्काल एक महिनापछि मन्त्री मण्डल पुनर्गठन भइ २०१७ सालको पुस १ गतेसम्म वी.पि.कोइरालाको मन्त्री परिषद कायम रह्यो । यसरी झण्डै डेढ वर्ष लामो कार्यकालमा कोही एकजना पनि दलित मन्त्री भएनन् । यसबाट संघर्षका बेला दलितको प्रतिनिधित्व सुनिश्चत गर्नेतर्फका प्रतिबद्धताहरू नेपाली काङ्ग्रेसले आफू सरकारमा गएपछि पूरा गर्न असमर्थ भएको प्रमाणित हुन्छ । तथापि, उक्त सरकारले गरेका कार्यहरू भने दलितमैत्री रहेका पाइन्छन् ।

वी.पि. को उक्त सरकारमा अर्थमन्त्री थिए सुवर्ण सम्शेर । निजले प्रगतिशील कर प्रणालीको उदघोषण गरे (पौडेल, २०६१) । बजेटमा राष्ट्रिय आय बढाउने, कृषिमा आधारभूत परिवर्तन गर्ने, सम्पत्तिको पुनर्वितरण गरी आय असमानता हटाउने, बेरोजगारीको समस्या समाधान गर्ने तथा अन्य कल्याणकारी कार्यहरू गर्ने उक्त बजेटका उद्देश्यहरू रहेका थिए । जमिन वास्तविक कृषक तथा उत्पादकको स्वामित्वमा नभै काम नगर्ने केही सीमित व्यक्तिको हातमा हुँदा यो सरकारले सर्वप्रथम विर्ता तथा जमिन्दारी प्रथा उन्मूलनको कार्य गऱ्यो । किनकि, पार्टीको महाधिवेशनबाट पारित प्रजातान्त्रिक समाजवादी दर्शनलाई कार्यान्वयनमा ल्याउनका लागि सर्वप्रथम जमिन्दारी प्रथाको अन्त्य गर्नु जरुरी थियो (महत, १८ असोज २०७७) । त्यस्तै शिक्षा विकासका लागि विद्यालय खोल्न राष्ट्रिय अभियान, गरिबी उन्मूलनका लागि विशेष कानुनी संरक्षणको व्यवस्था, ग्राम विकास योजनाको सुरुवात, जिल्ला विकास वोर्ड तथा त्रिभुवन विश्वविद्यालयको स्थापनाजस्ता समाजवादी कार्यक्रमहरू उक्त समाजवादी सरकारले घोषणा गरेको थियो (विश्वकर्मा, २०६७) । दलित समुदायका लागि छुट्टै कुनै नीति तथा कार्यक्रमको तर्जुमा नगरे तापनि सो समयमा भएका उक्त कार्यक्रमहरू दलित समुदायका लागिसमेत पक्कै फलदायी रहे भन्न सकिन्छ ।

## दलितसँग काङ्ग्रेस २०१७-२०४७ सम्म

राजा महेन्द्रले २०१७ साल पुस १ गते संविधानको धारा ५५ को अधिकार प्रयोग गरी वि.पि.कोइरालाको मन्त्रीमण्डल विघटन तथा संसद्को दुवै सदन भङ्ग गरी संविधानका अनेकौं धाराहरूसमेत निलम्बन गर्दै शासनअधिकार आफ्नो हातमा लिए । यसरी २००७ सालको शाही घोषणामार्फत् आएको प्रजातन्त्रको अवसान २०१७ सालको शाही कदमसँगै भएपश्चात् २०४७ मा प्रजातन्त्रको पुनर्स्थापना नहुञ्जेलका तीस वर्ष निर्दलीय

पञ्चायती शासन व्यवस्था देशमा रह्यो । त्यसैले यो अवधिमा राजनीतिक पार्टीहरू निरंकुश शासन व्यवस्थाको विरुद्ध लाग्नुपर्दा पार्टीभित्र दलित विशिष्टीकृत केही काम हुन नसक्दा यो अवधिका सम्बन्धमा कुनै चर्चा गरिएको छैन । निरंकुश नै भए पनि सो अवधिको राष्ट्रिय पञ्चायतमा ६ पटक गरी ४ जना दलितहरू सदस्य भएको पाइन्छ । धनमान सिंह परियार, २०१९, हिरालाल विश्वकर्मा, २०२८, २०३१ र २०३८, टी.आर. विश्वकर्मा, २०३८ र टेक बहादुर विश्वकर्मा, २०४३ मा राजाबाट मनोनित भएका थिए (कृष्ण खनालसमेत, NNDSWO) । पञ्चायत कालमा प्रतिनिधित्व गराए तापनि नेपाली काङ्ग्रेसको समाजवादी नीतिकै प्रभावले उक्त प्रतिनिधित्व हुन सफल भएको हो भन्ने तथ्यमा दुइमत हुनु पर्दैन ।

## दलितसँग काङ्ग्रेस २०४७–२०६२/२०६३ सम्म

२०४६ सालमा नेपाली काङ्ग्रेससँग संयुक्त बाम मोर्चा मिली नेपालमा प्रजातन्त्र पुनर्स्थापनाका लागि आन्दोलित भए । यस आन्दोलनमा दलित समुदायका मानिसहरू विरोध प्रदर्शन, चक्का जाम, बन्दलगायतका कार्यक्रमहरूमा सक्रिय भइ जनताको जनताको आन्दोलनमा संलग्न भए । सुरु सुरुमा यो आन्दोलनलाई दमनको कोसिस भए तापनि राजनीतिक दलका प्रतिनिधिहरूलाई राजा वीरेन्द्रले वार्ताका लागि आमन्त्रण गरे । अन्ततः २०४६ साल चैत्र २६ गते बहुदलीय प्रजातन्त्रको पुनर्स्थापना भयो ।

त्यसपछि मिति २०४७ । ०१ । ०७ मा नेपाली काङ्ग्रेसका सभापति कृष्ण प्रसाद भट्टराईको नेतृत्वमा अन्तरिम सरकार गठन भयो । सो अन्तरिम सरकार र सोही जेठमा गठन भएको संविधान सुझाव आयोगमा दलितहरूको प्रतिनिधित्व शून्य रहेको पाइन्छ । सिमितले माथिल्लो सभा राष्ट्रिय सभामा दलित समुदायलाई दुई प्रतिशत स्थान दिनुपर्ने सिफारिस गरेको भए तापनि संविधान घोषणा हुनुपूर्व मन्त्रीपरिषदको सुझावमा सो कुरा हटाइयो (कृष्ण खनाल समेत, NNDSWO) । उक्त संविधानमा दलितमैत्री व्यवस्था के के रहेका थिए भन्ने सन्दर्भमा माथि नै चर्चा गरिसकिएको छ ।

वि.सं . २०४६ मा प्रजातन्त्र पुनर्स्थापना पछिको खुला राजनीतिक वातावरणमा दलित अधिकारका लागि गैरसरकारी संस्था खुल्ने र सञ्चालनमा आउने क्रमले तीव्रता पायो । यसरी स्थापित नागरिक दलित सङ्गठन र गैरसरकारी संस्थाले दलित माथिको विभेद र बहीष्करण विरुद्ध अभियान सञ्चालन गर्दै आएका छन् (विश्वकर्मा जेवी) । यो उपलब्धिलाई नेपाली काङ्ग्रेस समेतका कारण प्राप्त उपलब्धि भएको मान्नुपर्दछ ।

२०४८ सालमा प्रतिनिधि सभाको निर्वाचन भयो । जम्मा २०५ मध्ये ११० निर्वाचन क्षेत्रमा नेपाली काङ्ग्रेसले विजय हासिल गऱ्यो । सोमा बाँके क्षेत्र नं. ३बाट निर्वाचित कृष्ण सिंह परियारसमेत रहेका थिए । जो प्रत्यक्ष संसदीय निर्वाचन जित्ने पहिलो व्यक्ति भइ २०४८ को प्रतिनिधि सभामा एक्लो दलित प्रतिनिधि भए (कृष्ण खनाल समेत, NNDSWO) भने उनी राज्य व्यवस्था समितिको संसदीय समितिको अध्यक्ष बनाइए (विश्वकर्मा, २०६७) । ०४८ को आमनिर्वाचनमा उम्मेदवारी दिने प्रयोजनका लागि मान बहादुर विश्वकर्मालाई प्राध्यापनबाट राजिनामा गर्न लगाउँ पनि सङ्गठनमै बस्नु उचित हुने भन्दै उनलाई प्रतिनिधि सभाको निर्वाचनमा उम्मेदवार बनाइएन । सो आमनिर्वाचन पश्चात् गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा बनेको २२ संदस्यीय मन्त्रीपरिषदमा कोही दलित अटाएको पाइँदैन ।

दलित समुदायबाट मन्त्री नै नभए तापनि २०४६ पछि पहिलो जननिर्वाचित सरकारले दलित समुदायका बालबालिकाका लागि, शिक्षालाई आकर्षक बनाउन र शिक्षामा दलितका बालबालिकाको सहभागिता बढाउन

कक्षा १ देखि ५ छात्रवृत्ति दिने नीति ल्याई बजेटसमेत प्रस्तुत भएको थियो । त्यसैगरी २०५५ सालबाट उच्च शिक्षाअन्तर्गत दलित समुदायका छात्रछात्राहरूलाई प्राविधिक अप्राविधिक दुबैतर्फ प्रमाण-पत्र तहदेखि स्नाकोत्तर तहसम्म मासिक रु.१,५००/- देखि रु. ४,५००/- सम्म छात्रवृत्ति दिने निर्णय नेपाली काङ्ग्रेसको सरकारले गरेको थियो (विश्वकर्मा, २०६७) । यो सकारात्मक नीति भए तापनि यसको प्रयोग, आवश्यकता र उपादेयताका सम्बन्धमा सामयिक मूल्याङ्कन सुपरीवेक्षण हुनुपर्ने हुन्छ ।

२०५८ सालपछि शिक्षा मन्त्रालयअन्तर्गत पठनपाठन हुने MBSS को कुल सङ्ख्यामध्ये ४५ प्रतिशत छुट्याई त्यसलाई १०० प्रतिशत मानी त्यसको १५ प्रतिशत स्थान दलित समुदायका लागि आरक्षित हुने व्यवस्था नेपाली काङ्ग्रेसले मिलाएको थियो । यो तथ्य नवौं पञ्चवर्षिय योजनामासमेत समावेश भएको छ । पछि २०६४ सालको संविधान सभाको निर्वाचन पछि बनेको माओवादी सरकारले उक्त कोटा १५ प्रतिशतबाट ९ प्रतिशतमा झारेको छ (विश्वकर्मा, २०६७) । यसबाट दलितका लागि कम्युनिष्टभन्दा नेपाली काङ्ग्रेसले भरपर्दो संरक्षक रहेछ भन्ने तथ्य पुष्टि भएको छ । २०५९ सालमा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको निर्देशन र दलित संघको पहलमा वी.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमासमेत MBSS मा एकवटा सिट सुरक्षित भएको छ (विश्वकर्मा, २०६७) ।

नेपाली काङ्ग्रेसले २०५१ सालको प्रतिनिधि सभाको आमनिर्वाचनमा एकजना पनि दलित समुदायबाट उम्मेदवार उठाएन भने २०५६ मा एकजना उम्मेदवार उठाए तापनि (कृष्ण खनाल समेत, NNDSWO) निर्वाचित भएको देखिँदैन । नेपाली काङ्ग्रेस आफ्नो आदर्शबाट पन्छिई दलित समुदायप्रति उपेक्षा गरिएको गम्भीर विषय थियो । नेपाली काङ्ग्रेसले राष्ट्रिय सभामा २०४८ सालमा गोरखाका दलसिंह कामी, २०५० सालमा दैलेखका रत्न बहादुर विश्वकर्मा र २०५६ सालमा दाङमा बिजुल विश्वकर्मालाई मनोनित गरेको भने पाइन्छ । यो सम्भवतः प्रमुख राजनीतिक दलमा समावेशीकरणका लागि बढ्दो दबाबको नतिजा थियो । त्यस्तै प्रजातन्त्र पुनर्स्थापनापछि २०४९ सालमा भएको प्रथम स्थानीय निर्वाचनमा उदयपुर जिल्लाका हरिशंकर परियार नेपाली काङ्ग्रेसबाट जिल्ला विकास समितिको सभापतिमा निर्वाचित भएको देखिन्छ । जो प्रथम दलित जि.वि.स. सभापति हुन (विश्वकर्मा, २०६७) । भए तापनि जनसांख्यिक आधारमा हेर्दा उक्त प्रतिनिधित्वहरू निकै नगन्य मान्नुपर्दछ ।

२००९ सालतिरको पार्टीको स्प्रीटलाई छाड्दै दलित समुदायप्रति नेपाली काङ्ग्रेसले कम ध्यान दिएका कारण दलित प्रतिनिधित्व पार्टीमा शून्य र सदन/सत्तामासमेत कम हुन थालेपश्चात् पार्टीभित्र आन्तरिक संघर्ष गर्नुको विकल्प थिएन । आन्तरिक संघर्षका क्रममा भएका उपलब्धिस्वरूप २०५४ सालमा नेपाली काङ्ग्रेसको भातृ सङ्गठनका रूपमा नेपाल दलित संघको जन्म दलित विकास छात्रबास, बिजेश्वरीमा मान बहादुर विश्वकर्माको सभापतित्त्वमा मिति २०५४ । ०८ । १२ मा भयो । सो तदर्थ समितिका महासचिव थिए बिजुल कुमार विश्वकर्मा । यसरी गठन भएको नेपाल दलित संघको कानुनविदहरू बद्रि बहादुर कार्की, यज्ञमूर्ति बञ्जाडेहरूबाट भएको विधान मस्यौदा मिति २०५४ । ११ । ०४ मा पार्टीद्वारा स्वीकृत भइ भातृ सङ्गठनको मान्यता पायो । पार्टीभित्रको यो नै पहिलो जातीय भातृ संघ हो । दलित संघले भातृ संघको मान्यता पाएपश्चात् पार्टीभित्र विरोध पनि भयो । दलित समुदायको हकहितमा सँगठित भइ आफ्नो अधिकारका साथै राष्ट्र र समाजप्रति सचेत रहँदै प्रजातान्त्रिक व्यवस्थाको संवर्धन र सुदृढीकरणका लागि प्रयत्नशील रहँदै कार्य गर्ने उद्देश्य नै नेपाल दलितको संघ स्थापनाको मूल उद्देश्य रहेको छ (विश्वकर्मा भूपानन्द, २०६० र विश्वकर्मा, २०६७) ।

दलित संघको पहिलो महाधिवेशन २०५५ फागुन ८-११ सम्म नेपालगञ्जमा सम्पन्न भइ पुनः मान बहादुर विश्वकर्मा सभापति र मीन बहादुर विश्वकर्मा महामन्त्रीमा चयन भए । यो कार्यसमितिले दलित वर्ग उत्थान तथा संरक्षण विधेयकको मस्यौदा गरेको थियो । नेपाली काङ्ग्रेसले २०५६ सालको प्रतिनिधि सभाको आमनिर्वाचनका लागि एक जना पनि दलितलाई उम्मेदवारी दिएन । त्यसपश्चात् तीन सूत्रीय माग राखी मिति २०५५।११।२३बाट पार्टी केन्द्रीय कार्यालयमा रिले अनसन बस्ने निर्णय मिति २०५५।११।१९ मा नेपाल दलित संघले गरी पार्टी सभापतिलाई संबोधन गरी पत्राचार गऱ्यो । तथापि पार्टीले सुनुवाई नगरेका कारण निर्धारित मिति ऐ. २३ गते रिले अनसनको घोषणा गरी अनसन बस्यो । उक्त अनसन पार्टी कार्यालयमा बसेको पहिलो ऐतिहासिक अनसन थियो । यसरी अनसन बसेको थाहा पाउने बित्तिकै सुशील कोइरालाको संयोजकत्वमा तत्काल वार्ता भइ माग संबोधन हुने प्रतिबद्धतासहित तीन सूत्रीय समझदारी भइ अनसन रोक्ने काम भयो । तीन सूत्रीय समझदारीमा पहिलोः संसदको आगामी निर्वाचनमा दलित वर्गबाट समुचित प्रतिनिधित्व गराउने, दोस्रोः आगामी संसदमा दलित विधेयक पेस गर्ने र तेस्रोः पार्टीका सम्पूर्ण तहमा दलित वर्गको प्रतिनिधित्व गराउन नियमावलीमा आवश्यक संशोधन गर्ने भन्ने कुरा उल्लेख भएका थिए (विश्वकर्मा भूपानन्द, २०६०) ।

२०४८ देखि २०५८ सम्म नेपाली काङ्ग्रेसले कुनै पनि दलितलाई मन्त्रीपरिषदमा बनाएन । एकैपटक २०६१ को शेरबहादुर देउवाको मन्त्री मण्डलमा हरिशंकर परियारलाई भौतिक योजना तथा निर्माण सहायक मन्त्री बनाइएको थियो । तिनै हरिशंकर २०६२ को ज्ञानेन्द्रको प्रत्यक्ष शासन कालमा वन तथा भू-संरक्षण सहायकमन्त्री बन्न पुगेका थिए । २०५६ पछि संसदीय निर्वाचन नहुँदा संसदमा दलित उम्मेदवारको प्रश्न गौण रह्यो भने दलित विधेयक कुनै पनि सदनमा पेस भएन । साथै दलित संघबाहेक पार्टीका अन्य तह तथा भातृ संघ/सगठनमा दलितहरूको प्रतिनिधित्वको अवस्था कमजोर अद्यापि कमजोर रहेको देख्न सकिन्छ ।

मिति २०५९।०१।२१ देखि २३ सम्म "दलित उत्थानको आधार, आरक्षण नै पूर्वाधार" मूल नारा लिई नेपाल दलित संघको तेस्रो महाधिवेशन विराटनगरमा पार्टी सभापति तथा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको प्रमुख आतिथ्यतामा सम्पन्न भयो (विश्वकर्मा, २०६७) । सो महाधिवेशनले पुनः मान बहादुर विश्वकर्मालाई नै सभापति चुन्यो भने महासचिव भीम बराइली र सचिवमा जीवन परियार निर्वाचित भएका थिए । दलित संघको इतिहासमा यो कार्यकाल सम्झनलाईक यसकारण पनि छ कि ज्ञानेन्द्रको तानाशाही प्रवृत्तिका विरुद्ध यही संघले सिराहामा प्रथम पटक आमसभा गऱ्यो । २०६२ भाद्र २० गते काठमाडौँमा भएको आन्दोलनको कुशलता पूर्वक दलित संघले नेतृत्व गरेको थियो । उक्त दिन दलित संघका धैरै नेता कार्यकर्ता गिरफ्तारीमा परी कतिले महिनौंसम्म बन्दी जीवन बिताउनुपरेको थियो ।

२०६६ असार १३-१६ सम्म चितवनमा सम्पन्न भएको दलित संघको तेस्रो महाधिवेशनबाट खड्ग बहादुर बस्याल सार्की सभापति तथा जीवन परियार महासचिवमा निर्वाचित भएका थिए । त्यसपछि २०६९ मा झापामा सम्पन्न चौथो महाधिवेशनले मीन बहादुर विश्वकर्मालाई सभापतिमा र लक्ष्मी परियारलाई महासचिवमा निर्वाचित गरेको थियो । त्यसयता २०७५ जेठ २५, २६ र २७ गते रूपन्देहीमा पाँचौ महाधिवेशन गर्ने भनिए तापनि सो मितिमा महाधिवेशन हुन सकेन । मिति २०७८ भाद्र १६ मा नेपाल दलित संघका सभापति मीन विश्वकर्माले निर्वाचन निर्देशिका असमावेशी भयो भन्दै केन्द्रीय सदस्य र संघको सभापति पदबाट राजिनामा दिएका थिए (राजीनामा सम्बन्धमा, मीन विश्वकर्मा, भाद्र १६. २०७८) । २०७८ चैत्र ६, ७ र ८ गते कार्यवाहाक सभापति शम्भु हजारा पासवानको संयोजकत्वमा पाचौं महाधिवेशन सम्पन्न गर्ने तयारी भएरसमेत विविध कारणवश महाधिवेशन सम्पन्न हुन सकेन (सुधारपत्र, चैत्र ३, २०७८) । नेपाली काङ्ग्रेसको विधान, २०१७ (संशोधनसहित) को धारा ४२(१)(च)बमोजिम म्याद समाप्त भइ स्वतः विघटन भएको नेपाल दलित संघको अध्यक्षमा लोक बहादुर

विश्वकर्मालाई नियुक्त गरेको थियो (नेपाली काङ्ग्रेस, प्रेस विज्ञप्ती, असोज १३, २०८०) । त्यसपछि लोक बहादुर विश्वकर्माको समितिमा विभिन्न मितिमा सदस्य थप गर्ने कार्य भयो र २०८१ मंसिर २६ मा २०८१ चैत्र मसान्तभित्र अनिवार्य महाधिवेशन सम्पन्न गराउन जीवन परियारको संयोजकत्वमा लक्ष्मी परियार र शान्ति वि.के. परियार सदस्य रहेको नेपाल दलित संघ महाधिवेशन केन्द्रीय निर्देशन समिति गठन भएको पाइन्छ (नेपाली काङ्ग्रेस, प्रेस विज्ञप्ती, मङ्सिर २६, २०८१) । प्रस्तुत समितिले महाधिवेशन नगराउँदा नेपाल दलित संघको पाँचौ महाधिवेशन अझै अलमलमा छ । यसरी दलित संघ संक्रमणको अवस्थाबाट गुज्रिनु स्वयम् नेपाली काङ्ग्रेसकै लागिसमेत सुखद पक्ष होइन ।

प्रधानमन्त्री शेरबहादुर देउवा हुँदा दलित समुदायको मानवअधिकार संरक्षण, प्रवर्धन तथा परिपूर्तिका लागि गठन आदेशद्वारा २०५८।११।०४ मा राष्ट्रिय दलित आयोगको गठन भयो । एकै दिन गठन भएको राष्ट्रिय महिला आयोगले तत्काल ऐन प्राप्त गऱ्यो भने राष्ट्रिय दलित आयोग २०७२ सालसम्मै ऐनको अभावमा काम गर्नुपरेको थियो । यो आयोगका पहिलो अध्यक्ष पदमसिं विश्वकर्मा नेपाली काङ्ग्रेसको प्रतिनिधित्व गर्थे । २०६६ सालमा नेपाली काङ्ग्रेसका बिजुल विश्वकर्मा र जीवन परियार क्रमशः अध्यक्ष र सदस्य सचिवमा नियुक्त भएका थिए भने २०७० सालमासमेत नेपाली काङ्ग्रेसका मान बहादुर नेपाली अध्यक्ष बनेका थिए । २०७२ मा जारी भएको संविधानबमोजिम संवैधानिक आयोगको हैसियत प्राप्त भइ राष्ट्रिय दलित आयोग ऐन, २०७४समेत बनी गठन भएको पहिलो आयोग हाल कार्यरत छ । संवैधानिक आयोगको हैसियत प्राप्त गरे पनि आर्थिक अभावका कारण अघिल्लो आयोगले जस्तै अपेक्षाकृत काम गर्न नसकेको बताउँदै आएका छन् ।

ज्ञानेन्द्रले माओवादी विद्रोह नियन्त्रण गर्न र निर्वाचनको व्यवस्था गर्न नसकेको आरोप शेरबहादुर देउवाको सरकारलाई लगाउँदै २०६१ पुस १९ गते शासन पूर्ण अधिकार आफूमा राखे । यो समयको मन्त्री मण्डलमा दलितको अभूतपूर्व उपस्थिति देखिन्छ । गोल्छे सार्की, प्रतापराम लोहार र हरिशंकर परियार एकैपटक विभिन्न सहायक मन्त्रीको रूपमा नियुक्त भएका थिए । यो प्रतिनिधित्व राजाले जनतालाई झुक्याउन गरेको अर्को झुटमात्र थियो । अन्ततः सात पार्टी गठबन्धन र माओवादीले राजतन्त्रको अन्त्य गर्ने, शान्ति स्थापना गर्ने तथा समावेशी प्रजातन्त्र स्थापना गर्नेगरी १२ बुँदे सम्झौता गरे । २०६२ को दोस्रो जनआन्दोलनले राजतन्त्रको अन्त्य तथा गणतन्त्रको आरम्भ गरेपछि दलितको मागले झन् नयाँ ऊर्जा प्राप्त गऱ्यो । २०६२ साल चैत्रको १९ दिने आन्दोलनले राजालाई पराजय स्वीकार गर्न दबाब दियो (कृष्ण खनाल समेत, NNDSWO) ।

## दलितसँग नेपाली काङ्ग्रेस २०६२/६३बाट वर्तमानसम्म

दोस्रो जनआन्दोलनमा सक्रियतापूर्वक भाग लिएको दलित आन्दोलनले नेपाललाई समावेशी लोकतन्त्रमा परिणत गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ । २०६३ जेठ ४ गते पुनर्स्थापित प्रतिनिधि सभाले नेपाललाई हिन्दू राजतन्त्रबाट मुक्त गरी धर्मनिरपेक्ष राष्ट्र घोषणा गऱ्यो । उक्त पुनर्स्थापित प्रतिनिधि सभामा नेपाली काङ्ग्रेसले मिठाराम विश्वकर्मालाई सदस्यमा मनोनित गऱ्यो । लगत्तैको जेठ २१ गते बसेको प्रतिनिधि सभाको बैठकले नेपाललाई जातीय भेदभाव तथा छुवाछूत मुक्त राष्ट्र घोषणा गऱ्यो (कृष्ण खनाल समेत, NNDSWO) । उक्त कदमहरू जातीय विभेद तथा छुवाछूत विरुद्धका सफल कदमहरू हुन् । जुन नेपाली काङ्ग्रेसको सहमतीबिना चालिएका थिएनन् ।

२०६४ को पहिलो संविधानसभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको २४० सिटमा नेपाली काङ्ग्रेसले १ जनामात्रै उम्मेदवार अर्घाखाँचीबाट मान बहादुर विश्वकर्मालाई उठायो । निज उपविजेता मात्रै बने । जहा नेकपा-माओवादीका ७ दलित उम्मेदवारले विजय हासिल गरेका थिए । समानुपातिक निर्वाचनतर्फ

नेपाली काङ्ग्रेसबाट कूल ३२८ सिटमा उम्मेदवारी दिँदा दलित समुदायबाट ७३ स्थानमा उम्मेदवारी पर्दा ९ सिटमा दलितलाई अघि बढाएको थियो (कृष्ण खनाल समेत, NNDSWO) । उनीहरू थिए खड्गबहादुर बस्याल, शम्भू दुसाध (मधेशी समेत), चन्द्रिराम टमाटा, महा नेपाली (पीछडिएको क्षेत्र समेत), विमला नेपाली, लक्ष्मी परियार, कृष्णकुमारी परियार, कविताकुमारी सरदार (मधेशी समेत) र कल्पना सोब । यसरी पहिलो संविधान सभामा नेपाली काङ्ग्रेसका उक्त ९ जनासमेत गरी ५० जना सभासदले प्रतिनिधित्व गरेका थिए । संविधान जारी नगरे तापनि दलितको पक्षमा समृद्ध मस्यौदासमेत गरी जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ जारी गर्नु दलित समुदायका लागि महत्त्वपूर्ण कार्य भएको छ उक्त पहिलो संविधान सभाबाट । साथै यो संविधान सभाबाट देशको पहिलो उपराष्ट्रपतिको निर्वाचनमा नेपाली काङ्ग्रेसले दलित समुदायका मान बहादुर विश्वकर्माको उम्मेदवारी दिएको थियो ।

दोस्रो संविधान सभा, २०७० मा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत दलित समुदायका कोहि पनि निर्वाचित भएनन् । समानुपातिकतर्फ भने आशा वि.क., मैकुलाल वाल्मीकि, खड्ग बहादुर बस्याल, मान बहादुर विश्वकर्मा, मीन विश्वकर्मा, नरभान कामी, विष्णुमाया परियार, सुजाता परियार, जीवन परियार र कविता कुमारी सरदार गरी १० जनाले दलित समुदायको प्रतिनिधित्व गरेका थिए । नेपाली काङ्ग्रेसबाट प्रतिनिधित्व गरेका उपरोक्त सभासदहरूसमेत योगदानबाट दोस्रो संविधान सभाले अविभेद र समानताको प्रवर्धन गर्ने नेपालको संविधान जारी गरी दलित समुदायलाई निकै ठुलो गुन लगाएको छ ।

यसरी बनेको संविधानले प्रत्येक वडाबाट एकजना दलित महिलाको अनिवार्य प्रतिनिधित्व सुनिश्चित गर्दा दलित जनप्रतिनिधिको सङ्ख्यामा उल्लेख्य मात्रामा बृद्धि भएको छ । २०७४ र २०७९ समलको स्थानीय तहको निर्वाचनमा दलित वडा महिलामा नेपाली काङ्ग्रेसको तर्फबाट कतिजना उम्मेदवार भए र कति जनाले विजय हासिल गरे भन्ने सन्दर्भमा छुट्टै अध्ययन गरेमात्रै सही तथ्यांक निकाल्न सकिएला । यो व्यवस्थाको प्रबन्ध सिङ्गो नेपाली काङ्ग्रेस र दलित समुदायबाट संविधान सभामा प्रतिनिधित्व गर्ने सभासदहरूको उल्लेख्य योगदान बिना असम्भवप्रायः थियो । अरू दल, तीबाट प्रतिनिधित्व गर्ने सभासदहरू तथा नागरिक समाजकोसमेत उत्तिकै सहयोग रहेको तथ्य नकार्न भने मिल्दैन ।

२०७४ सालको प्रतिनिधि सभामा १३ जना दलितमध्ये धेरै जनाको प्रतिनिधित्व नेपाली काङ्ग्रेसबाट भएको थियो । २०७९ सालको प्रतिनिधि सभाको निर्वाचनमासमेत प्रत्यक्ष निर्वाचन प्रणालीतर्फ एकजना पनि दलित समुदायका व्यक्तिले उम्मेदवारी पाएनन् । जुन बिडम्वना हो । भए तापनि समानुपातिक निर्वाचन प्रणालीतर्फबाट १८ जना दलित प्रतिनिधत्व रहेकोमा जीवन परियार (कास्की), शान्ति परियार (चितवन), रूपा विक (कपिलवस्तु), सीता मिजार (नुवाकोट) र आशा विक (बाँके)सहित पाँच जना सांसद नेपाली काङ्ग्रेसको तर्फबाट ५ जना निर्वाचित भइ कार्यरत छन् (निर्वाचन आयोग, डिग्निटी इनिसिएटिभ्स, सन् २०२३) । राष्ट्रिय सभामासमेत धेरै दलितहको प्रतिनिधित्व रहेको छ जसमा नेपाली काङ्ग्रेसबाट भएको प्रतिनिधित्वसमेत उल्लेख्य रहेको पाइन्छ ।

२०७४ र २०७९ को दुबै प्रदेश सभामा ३२/३२ जना दलितहरू प्रतिनिधित्व रहेको पाइन्छ । त्यसैगरी २०७४ को स्थानीय निर्वाचनमा मेयर-६, उपमेयर-११, अध्यक्ष-१, उपाध्यक्ष-१७, वडाध्यक्ष-१३९ गरी १७४ दलितहरू निर्वाचित भएको पाइन्छ । २०७९ को स्थानीय निर्वाचन हुँदा यो सङ्ख्या घटेर मेयर-३,उपमेयर-७, अध्यक्ष-५, उपाध्यक्ष-६, वडाध्यक्ष-१४७ गरी जम्मा १६८ जनामात्र निर्वाचित भएको देखिन्छ (निर्वाचन आयोग, डिग्निटी इनिसिएटिभ्स, सन् २०२३) । जुन नेपाली काङ्ग्रेस जो आफूलाई समाजवादी दलको रूपमा स्थापित भएको

छ उसका लागि निकै ठुलो चिन्ताको विषय हो । उक्त प्रतिनिधित्वमध्ये नेपाली काङ्ग्रेसको तर्फबाट भएको प्रतिनिधित्व कति हो भन्ने सन्दर्भमा छुट्टै अध्ययन हुन वाञ्छनीय हुन्छ जसले स्थानीय तह तथा प्रदेश एवम् प्रतिनिधि सभा र राष्ट्रिय सभामा दलितहरूको प्रतिनिधित्वमा दलितहरूको समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गर्ने प्रमाणिक आधारसमेत तय गर्न सकोस् ।

काङ्ग्रेसले २०६२ मा मान बहादुर विश्वकर्मालाई वातावरण तथा विज्ञान तथा प्रविधि राज्यमन्त्री (क्याबिनेट) बनायो । २०६६ सालमा खड्ग बहादुर बस्याललाई स्वास्थ्य तथा जनसङ्ख्या, सहायक मन्त्री बनायो । २०७४ सालको मन्त्री मण्डलमा मीन विश्वकर्मा, वाणिज्य मन्त्री बनेको पाइन्छ । साथै काङ्ग्रेस-एमाले गठबन्धनको सरकारमा नेपाली काङ्ग्रेसबाट रूपा विश्वकर्मा, वन तथा वातावरण राज्यमन्त्री रहेकी छन् । यसरी २०६२-६३ पछि मुस्किलले १ जना क्याबिनेट मन्त्री, १ जना क्याबिनेट सरहको राज्यमन्त्री र अरू २ मन्त्रीमात्र बनाइनु नेपाली काङ्ग्रेस पार्टीलाई नसुहाउने तथ्याङ्क हो । यसतर्फ तत्काल गम्भीर हुनुपर्ने देखिन्छ ।

२०६२ सालमा सम्पन्न एघारौं महाधिवेशनबाट २००९ सालपछि पहिलो पटक केन्द्रीय समितिमा महासमिति सदस्यमध्येबाट निर्वाचित गर्दा दलित समुदायका मान बहादुर विश्वकर्मालाई प्रतिनिधित्व गराइयो (विश्वकर्मा, २०६७) । त्यसैगरी मीन विश्वकर्मा काङ्ग्रेसको १२औँ महाधिवेशनअघि तत्कालीन काङ्ग्रेस प्रजातान्त्रिकबाट केन्द्रीय सदस्य बनेका थिए (नेपाल पत्र, १८ श्रावण २०७४) । संशोधित विधानबमोजिम १३औं महाधिवेशनले दलित समुदायबाट पहिलो पटक एकैचोटी ५ जना व्यक्तिलाई केन्द्रीय सदस्यमा निर्वाचित गर्‍यो । प्रस्तुत विधान संशोधनका बेलासमेत दलित समुदायका नेता कार्यकर्ताले गतिलो आन्तरिक संघर्ष गर्नुपरेको बताइन्छ । विधानको नवौँ संशोधन (२०७५।११।१२) ले सहमहामन्त्री पद सङ्ख्या-१ र सदस्य पद सङ्ख्या-९ दलित समुदायका लागि आरक्षित बनाएको छ । १४औं महाधिवेशनबाट सह-महामन्त्रीमा जीवन परियार निर्वाचित भइ कार्यरत छन् । त्यसैगरी आरक्षित सदस्यतर्फ लक्ष्मी परियार-उदयपुर, शान्ति परियार-चितवन, सुजाता परियार-पाँचथर, मान बहादुर नेपाली-रुकुम, प्रकाश रसाइली 'स्नेही' - बझाङ, नृपबहादुर वड-कैलाली, हरिशरण नेपाली-काठमाडौँ, रूपा विश्वकर्मा र मैकुलाल वाल्मिकी-बाँके निर्वाचित भएका छन् । साथै मीन विश्वकर्मा र मान बहादुर विश्वकर्मालाई पार्टी सभापतिले केन्द्रीय सदस्यमा मनोनित गरेसँगै नेपाली काङ्ग्रेसको १६७ जनाको केन्द्रीय कार्यसमितिमा १३ जना दलित समुदायको प्रतिनिधित्व रहेको देखिन्छ (वेभसाइट, नेपाली काङ्ग्रेस) । केन्द्रीय समितिमा रहेको यो पटकको प्रतिनिधित्व सङ्ख्यात्मक हिसाबमा निकै ऐतिहासिक प्रतिनिधित्व हो ।

त्यसैगरी विधानमा गाउँ/नगर/उपमहानगर/ महानगरपालिका वडा/पालिका कार्यसमिति, प्रदेश सभा क्षेत्रीय अधिवेशन/ कार्यसमिति, प्रतिनिधि सभा क्षेत्रीय अधिवेशन, केन्द्रीय महाधिवशेन प्रतिनिधि, केन्द्रीय महासमिति सदस्य, प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति, प्रतिनिधि सभा क्षेत्रीय सम्मेलन समेतमा दलित समुदायको प्रतिनिधित्व सुनिश्चित गरिएको छ ।


## निष्कर्ष

नेपाल विविधतायुक्त समाज हो । जुन देशको सम्पत्ति हुनुपर्नेमा बिडम्बना नै भन्नुपर्छ विविधता असमानता र विभेदको जग बन्न पुग्यो । यो ऐतिहासिक गल्ती थियो । जुन चाँडै सच्याउनुपर्नेमा त्यसो हुन नसक्दा देश असमानता र विभेदको खाडल झन् झन् जाकिँदै जाँदा विश्वमाझ नेपालको छबी देखाउनलाईक रहेन । सामाजिक विभेदको परिणामस्वरूप दलितहरू अझ पनि राज्यको मूल प्रवाहीकरण हुन नसकेको तथ्य विभिन्न अध्ययनहरूले देखाएका छन् । देशको मुहारमा लागेको जातीय विभेद र यसबाट सृजित परिस्थितिको धब्बा हटाउने प्रयत्न स्वरूप नेपाली काङ्ग्रेस आफ्नो स्थापना कालबाटै मुखरित देखिए तापनि त्यसले निरन्तरता

नपाउँदा जातीय भेदभाव तथा छुवाछूतको समस्याले केवल दलितहरूमात्र मारमा परेनन् यसले सिङ्गो राष्ट्रलाई नै अविकसित बनाउन मलजल भयो। २००७ मा प्राप्त प्रजातन्त्र बलियो नहुँदै त्यसको घाँटी निमोठिँदा २०१७ सालदेखि २०४७ सालसम्म निरंकुश पञ्चायती व्यवस्थाको विरुद्धको संघर्षमै रहनुपरेकोलसमेत दलित समस्या काङ्ग्रेसको प्राथमिकतामा नपरेका हुन् तर २०४७ सालपछिसमेत दलित सन्दर्भमा योजनाबद्ध रूपमा कुनै काम भएनन्। भए तापनि काङ्ग्रेसकै सार्थक पहलमा दलित समुदायको विकासमा केही कामहरू भएका छन्। ती उपलब्धीहरूको जगमा उभिएर हेर्दासमेत दलितको अवस्था अझै कहालिलाग्दो नै देखिन्छ। नेपाली काङ्ग्रेस पार्टी देशको अग्रणी समाजवादी बिचारधारामा अघि बढेको राजनीतिक दल हुँदा दलित अधिकार सम्मान, प्रवर्धन एवम् परिपूर्तिमा नेपाली काङ्ग्रेस पार्टीलाई पछाडि फर्किने छुट हुँदैन। अतः समानता र अविभेद सम्बन्धमा राष्ट्रिय अन्तरराष्ट्रिय विकासक्रम समेतलाई आत्मसात गर्दै दलितहरूको साथ लिई अगाडि बढ्नुमा नेपाली काङ्ग्रेसको कल्याण छ जसले समग्र देश नै शान्त एवम् समृद्ध बनाउन सहयोग गर्नसक्दछ।

नेपाली काङ्ग्रेसको उदय पश्चात् देशमा धेरै राजनीतिक सामाजिक परिवर्तनहरू भए तापनि दलितहरूको जीवनमा तात्विक बदलाव आउन सकेको छैन। केही परिवर्तन हुँदै नभएको भनी भन्नु पनि अतिशयोक्तिपूर्ण हुनसक्दछ। के साँच्चिकै उनीहरूको जीवनमा परिवर्तन ल्याउने गरी योजनाबद्ध रूपमा कामहरू भए त भन्ने सन्दर्भमा प्रमाणहरू भेला गरी एकपटक गहिरो गरी घोत्लिनुपर्ने समय आएको छ। यसरी घोत्लिन मिति २००९।०३।२३ को सर्कुलर नं. ३३ को पत्रलाई सिरानी लगाई त्यसको आलोकमा परिवर्तित समय सन्दर्भलाई चिहाउनु नेपाली काङ्ग्रेसका लागि अपरिहार्य बनिसकेको छ। जुन श्रेयष्करसमेत हुनेछ। आशा छ यसतर्फ पार्टीले इमानदार प्रयास गर्नेछ।

**अनुसूची**


नेपाली कांग्रेस

स्रोतः
मान बहादुर विश्वकर्मा, २०६७,
नेपाली काङ्ग्रेस र दलित, पृ. २३

## सन्दर्भ सामग्रीहरू

नेपालको संविधान

नेपालको अन्तरिम संविधान, २०६३

मुलुकी ऐन

मुलुकी देवानी संहिता, २०७४

मुलुकी फौजदारी संहिता, २०७४

जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८

नेपाल कानुन पत्रिकाहरू

भूपानन्द विश्वकर्मा, २०६०, दलित उत्थानमाःनेपाल दलित संघ

मान बहादुर विश्वकर्मा, २०६७, नेपाली काङ्ग्रेस र दलित

जुरी नेपाल, २०७०, जातीय भेदभाव तथा छुवाछूत अपराध विरूद्धको कानुनी उपचार, हाते पुस्तिका।

दलित समुदायको मानव अधिकारको अवस्था प्रतिवेदन, २०७६/२०७७ राष्ट्रिय मानव अधिकार आयोग

Dalits of Nepal, Issues and Challenges, 2002, Feminist Dalit Organization, Edited by Prabodh Devkota.

D.K.Kaul, 2008, Dalit in Rural India: Challenges and Opportunities.

रामचन्द्र पौडेल, २०६१, नयाँ सन्दर्भमा समाजवाद

नरहरि आचार्य, २०६२, काङ्ग्रेसमा लोकतन्त्र

नारायण प्रसाद चँदारा, २०६१, नेपालमा जातपात र छुवाछूत

याम बहादुर किसान, २०७३, नेपालमा सकारात्मक उपाय र सामाजिक समावेशीकरण, अवधारणा, अनुभव र उपादेयता

आहुती, २०७१, नेपालमा वर्ण व्यवस्था र वर्ग संघर्ष

कटक मल्ल, २०८०, न्याय-अन्याय, कानुन, भू-राजनीति र कूटनीति।